**मिति २०७६।०९।१३, आईतवार**

**बिषयः चालु आ.ब.को धान बालिको उत्पादन अनुमान सम्बन्धि प्रेस विज्ञप्ती**

कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, कृषि विभाग तथा अन्तर्गतका केन्द्रीय कार्यालयहरु, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालयहरु या अन्तर्गतका कृषि विकास निर्देशनलायबाट प्राप्त वालीनाली स्थिति, वालि कटानी विवरण तथा यस महाशाखाको अगुवाईमा सातै प्रदेशमा स्थलगत अनुमानका लागि खटि गएका टोलीहरुको प्रतिवेदन एवं मौसम तथ्याङ्क समेतका आधारमा तयार पारिएको चालु आ.व.को धान उत्पादनका प्रारम्भिक अनुमान सम्बन्धि तालिकाहरु यसै साथ प्रस्तुत गरिएका छन् । संलग्न तालिकाहरु योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुखको अध्यक्षतामा कार्यरत कृषि तथ्याङ्क प्राविधिक समितिको मिति २०७६।०९।१३ मा वसेको बैठकबाट अनुमोदन भएका छन् । सरकारी निकायका अलवा WFP, ICIMOD, IRRI, FAO बाट धान उत्पादन अनुमानका उपयोगी सुचनाहरु समेत यस प्रतिबेदन तयारीका लागी सहयोगी भएका छन् ।

धान उत्पादनका आँकडा तुलनात्मक तालिकाहरुका अनुसार चालु आ.व.मा धान उत्पादनमा गत बर्षको तुलनामा सामान्य गिरावट आएको छ । गत आ.ब.मा नेपालको धान उत्पादन अहिले सम्मै कै उच्च अर्थात ५६ लाख १० हजार मेट्रिक टन रहन गएकोमा चालु आ.ब.मा एक प्रतिशतले कमि अर्थात ५९ हजार मे.टन न्युन हुन पुगेको छ । यो उत्पादन अंक गत आ.ब.को तुलनामा सामान्य कमि देखिएपनि विगतका इतिहासको दोस्रो सर्वाधिक उत्पादन बर्षको रुपमा कायम भएको छ भने उत्पदकत्वको हिसाबबाट अहिले सम्मकै उच्च हुन गएको छ । विगत पाँच बर्षका धान उत्पादन विश्लेषण गर्दा आ.ब. २०७२।७३ को तुलनामा यो उत्पादन करिब २९ प्रतिशतले बढी अर्थात १२ लाख ५१ ह्जार मेट्रिक टन ले बढी हुन आएको छ । यसैगरी सोही आ.ब.को उत्पादकत्वको तुलनमा चालु आ.ब.को करिव २१ प्रतिशतले बढेको छ भने गत आ.ब.को तुलनामा पनि उत्पादनमा कमि आए पनि उत्पादकत्व बढेको छ ।

चैते धान र बर्षे धानको उत्पादन सम्बन्धि आँकडाको आ -आफनै महत्व रहेकाले गत आ.ब.देखि बार्षिक धान वालीलाई चैते र बर्षे धान उत्पादनको अलग अलग विश्लेषण गर्न थालिएको छ । चैते धानको उत्पादकत्व बर्षे धानको उत्पादकत्व भन्दा उच्च रहि आएको पाईन्छ । उत्पादकत्वका हिसावले प्रदेश तिन सबै भन्दा उच्च र कर्णाली प्रदेश न्युन रहन पुगेका छन् ।

गत आ.ब.को तुलनामा धानको उत्पादन सामान्य घट्नुमा समयमा रोपाई हुन नसकि केही जमिन बाँझो रहेको, मनसुन ढिलो शुरु भएको, केही स्थानमा किराको प्रकोप तथा विउका समस्या जस्ता प्रमुख कारणहरु हुन् । मुलुकबाट उत्पादनशिल युवा वर्गको बिदेश पलायनबाट कृषि श्रमिक उपलब्धतामा आईपरेको असहजता, घडेरीकरण जस्ता कारणबाट पनि धान क्षेत्रफलमा कमि हुन आएको हो । अर्को तर्फ उत्पादकत्व बृद्धि हुनुमा उन्नत तथा हाईब्रिड जातका विउको उपलब्धता तथा प्रयोगमा आएको बृद्धि, औषतको तुलनामा लामो मनसुन अबधि, रासायनिक मलमा असहता नहुनु, सिंचाइ प्रबिधिमा आएका सुधारहरु हुन् । आ.ब. २०७३।७४ मा १४.५ रहेको विउ प्रतिस्थापन दर चालु आ.ब.मा २०.५२ हुनु उत्पादकत्व बृद्धिको महत्पूर्ण विषय हो ।

**Table 1. Paddy Performance: Recent Five Years**

| Production (Mt.) | | | | | Percentage Change in 76/77 Compared to | | | |
|---|---|---|---|---|---|---|---|---|
| 2072/73 (1) | 2073/74 (2) | 2074/75 (3) | 2075/76 (4) | 2076/77 (5) | (1) | (2) | (3) | (4) |
| 4,299,079 | 5,230,327 | 5,151,925 | 5,610,011 | 5,550,878 | **29.12** | **6.13** | **7.74** | **-1.05** |
| **Area in Ha.** | | | | | | | | |
| 2072/73 (1) | 2073/74 (2) | 2074/75 (3) | 2075/76 (4) | 2076/77 (5) | (1) | (2) | (3) | (4) |
| 1,362,908 | 1,552,469 | 1,469,545 | 1,491,744 | 1,458,915 | **7.04** | **-6.03** | **-0.72** | **-2.20** |
| **Productivity Kg/Ha** | | | | | | | | |
| 2072/73 (1) | 2073/74 (2) | 2074/75 (3) | 2075/76 (4) | 2076/77 (5) | (1) | (2) | (3) | (4) |
| 3,154 | 3,369 | 3,506 | 3,760 | 3,804 | **20.60** | **12.91** | **8.51** | **1.17** |

## Table 2. Paddy Estimation by Provinces

**Fiscal Year 2076/77**

**Area in Ha, Production in Mt, Yield in Mt. Per Ha**

| Provinces | Area 75_76 | Area 76_77 | % Change | Production 75_76 | Production 76_77 | % Change | Yield 75_76 | Yield 76_77 | % Change |
|---|---|---|---|---|---|---|---|---|---|
| **Province 1** | 328,728 | 323,217 | -1.7 | 1,237,952 | 1,245,545 | 0.6 | 3.77 | 3.85 | 2.3 |
| **Province 2** | 401,906 | 377,611 | -6.0 | 1,495,044 | 1,420,436 | -5.0 | 3.72 | 3.76 | 1.1 |
| **Province 3** | 133,842 | 129,830 | -3.0 | 521,446 | 510,201 | -2.2 | 3.90 | **3.93** | 0.9 |
| **Gandaki** | 114,282 | 108,697 | -4.9 | 427,689 | 408,737 | -4.4 | 3.74 | 3.76 | 0.5 |
| **Province 5** | 307,407 | 303,392 | -1.3 | 1,188,675 | 1,185,493 | -0.3 | 3.87 | 3.91 | 1.1 |
| **Karnali** | 38,527 | 38,886 | 0.9 | 133,579 | 134,407 | 0.6 | 3.47 | **3.46** | -0.3 |
| **Sudurpaschim** | 167,053 | 177,282 | 6.1 | 605,626 | 646,059 | 6.7 | 3.63 | 3.64 | 0.5 |
| **Nepal** | **1,491,744** | **1,458,915** | **-2.2** | **5,610,011** | **5,550,878** | **-1.1** | **3.76** | **3.80** | **1.2** |

## Table 3. Comparative Distribution of Main Season Paddy

Area in Ha, Production in Mt., Yield in Mt./ha

| Provinces | Area 75_76 | Area 76_77 | % Change | Production 75_76 | Production 76_77 | % Change | Yield 75_76 | Yield 76_77 | % Change |
|---|---|---|---|---|---|---|---|---|---|
| **Province 1** | 275,901 | 268,796 | -2.6 | 1,000,341 | 985,891 | -1.4 | 3.63 | 3.67 | 1.2 |
| **Province 2** | 365,615 | 341,072 | -6.7 | 1,331,198 | 1,253,123 | -5.9 | 3.64 | 3.67 | 0.9 |
| **Province 3** | 115,295 | 111,743 | -3.1 | 438,372 | 427,182 | -2.6 | 3.80 | 3.82 | 0.5 |
| **Gandaki** | 108,278 | 103,015 | -4.9 | 400,616 | 382,903 | -4.4 | 3.70 | 3.72 | 0.5 |
| **Province 5** | 303,593 | 299,484 | -1.4 | 1,171,628 | 1,167,892 | -0.3 | 3.86 | 3.90 | 1.0 |
| **Karnali** | 38,385 | 38,699 | 0.8 | 132,939 | 133,561 | 0.5 | 3.46 | 3.45 | -0.3 |
| **Sudurpaschim** | 164,639 | 174,605 | 6.1 | 594,810 | 633,853 | 6.6 | 3.61 | 3.63 | 0.5 |
| **Nepal** | **1,371,706** | **1,337,414** | **-2.5** | **5,069,905** | **4,984,403** | **-1.7** | **3.70** | **3.73** | **0.8** |

**Table 4. Distribution of Spring Season Paddy across Provinces**

Area in Ha, Production in Mt. and Yield in Mt./Ha.

| Provinces | Area 75_76 | Area 76_77 | % Change | Production 75_76 | Production 76_77 | % Change | Yield 75_76 | Yield 76_77 | % Change |
|---|---|---|---|---|---|---|---|---|---|
| **Province 1** | 52,827 | 54,421 | 3.0 | 237,611 | 259,654 | 9.3 | 4.50 | 4.77 | 6.1 |
| **Province 2** | 36,291 | 36,539 | 0.7 | 163,846 | 167,314 | 2.1 | 4.51 | 4.58 | 1.4 |
| **Province 3** | 18,547 | 18,087 | -2.5 | 83,074 | 83,019 | -0.1 | 4.48 | 4.59 | 2.5 |
| **Gandaki** | 6,003 | 5,682 | -5.4 | 27,073 | 25,834 | -4.6 | 4.51 | 4.55 | 0.8 |
| **Province 5** | 3,814 | 3,908 | 2.5 | 17,047 | 17,601 | 3.3 | 4.47 | 4.50 | 0.8 |
| **Karnali** | 142 | 187 | 32.1 | 640 | 846 | 32.2 | 4.52 | 4.53 | 0.1 |
| **Sudurpaschim** | 2,414 | 2,677 | 10.9 | 10,815 | 12,206 | 12.9 | 4.48 | 4.56 | 1.8 |
| **Nepal** | **120,038** | **121,501** | **1.2** | **540,105** | **566,475** | **4.9** | **4.50** | **4.66** | **3.6** |